ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष–११ ❑ अङ्क–१३, २०७६ साउन २५ गते, शनिबार (Aug. 10, 2019 Saturday) www.janatimes.com मूल्य रु. ५/- पृष्ठ संख्या: ६

पृष्ठ ३ मा



घातक मलेरिया परजीवी फैलिँदै

## दुई वर्ष नाघेका ५ हजार मुद्दाहरू फैसला

राजविराज /सप्तरीको राजविराज स्थित उच्च अदालत जनकपुर ईजलासले दुई बर्ष नाघेका मुद्दा फछ्यौटमा सफलता पाएको छ।

अदालतमा दर्ता भएका दुई वर्ष नाघेका एक हजार पाँच सय ४८ ओटा विभिन्न मुद्दाहरु फैसला भएको अदालतका मुख्य न्यायाधीश तिल प्रसाद श्रेष्ठले जानकारी दिए।

अदालतबाट भएको कार्यसम्पादनबारे मुख्य न्यायाधीश श्रेष्ठले दिएको तथ्याङ्क अनुसार उच्च अदालत जनकपुर ईजलासमा ५ हजार ६ सय १० ओटा मुद्दा दर्ता भएको ४ हजार ६२ ओटा मुद्दा फछ्यौट भएको छ। समग्रमा यो अदालतले हासिल गरेको सफलता प्रतिशत ७२।४० रहेको छ।

मुख्य न्यायाधीश श्रेष्ठका अनुसार फछ्यौटमा विराटनगरले ५६, जनकपुर ७२।९६, पाटन ६०, बुटवल ६७।२५, वीरगञ्ज ६३।९१ र राजविराजले ७२।४० प्रतिशत सफलता प्राप्त गरेको छ। अदालतमा सूचना तथा सहयोग कक्ष स्थापना गरी बिचोलिया नियन्त्रणकालागि प्रवेश पास प्रणाली, स्वचालित सूचना प्रणाली लगायतका महत्वपूर्ण कार्यहरु भएको जानकारी दिईएको छ।

## कोशी पीडितले कहिले न्याय पाउने ?



**खगेन्द्र कार्की**

राजविराज / कोशी पीडितको समस्या ७ दशकदेखि समाधान नभएको सरोकारवालाहरुले बताएका छन्।

समस्या समाधानतर्फ उच्चस्तरीय निकायले सार्थक पहल नगर्दा

बाँकी अन्तिम पृष्ठमा

## यस्तो थियो सम्झौता

कोशी आयोजना सम्झौता
काठमाण्डौ अप्रिल २५,१९५४

सन् १९५४ अप्रिलको २५ औं दिन सम्पन्न गरिएको यो सम्झौता नेपाल अधीराज्यको सरकार (यस पछि सरकार भनिने )र भारत सरकार (यस पछी संघ भनिने )बीच सम्पन्न भयो।

१. विषय वस्तु

कोशी नदीमा रहेको हनुमाननगरको तीन माइल माथी एउटा बाँध प्रमुख कार्य र अन्य कार्य लगायत बाढी नियन्त्रण बाँधा र नहरहरु र सुरक्षात्मक कार्यहरु बाँधको माथी पट्टी कोशी नदीको दाँयातर्फ रहेको नेपालको भागमा

बाँकी ४ पृष्ठमा

"जिम्मेवारी र सहकार्य सहित गरौं खबरदारः लैङ्गिक हिंसा विरुद्ध होऔं होसियार ।"

"लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानः हिंसा विहिन समाजको हाम्रो आह्वान ।"

"लैङ्गिक हिंसा विरुद्ध हाम्रो आवाजः निर्माण गरौं सभ्य र समतामूलक समाज ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः
छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. बद्रीप्रसाद भट्टराई
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६ गते

स्पोर्ट सेवाहरुः
इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार गरिन्छ ।

एम्बुलेन्स सम्पर्कः ९८५२८५५११२




नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन)जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा सेवा उपलब्द रहेको छ।

माता मनकामना पोलिक्लिनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२ र ९८५२८५५११२

**कोसी . . .**

स्थानीयहरु मुआब्जा कुर्दै तीन पुस्तादेखि सुकुम्वासी जीवन बिताउन बाध्य भएका छन् ।

कोशी पीडित हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्वर १ भारदहका गुलाइ सुतिहारले ५५ वर्ष लामो समयदेखि सुकुम्वासी जीवन बिताईरहेको बताए । 'तीन पुस्तादेखि सुकुम्बासी जीवन बिताउन बाध्य छौं ।'- उनले भने-'म ७ वर्षकै थिए, हजुरबुवाकै पालामा जतिबेला कोशी सम्झौता भएर ब्यारेज निर्माण भएपछि घर र खेतीयोग्य जग्गा कटान भयो ।'

उनले आश्वासन पाएपनि हालसम्म मुआब्जा नपाउँदा गुनासो गरे । 'हजुरबुवा र बुवा भन्नुहुन्थ्यो, केही समय मात्रै ऐलानी जग्गामा बस्नुपर्ने अहिले बाध्यता छ, मुआब्जा पाएपछि अर्को ठाउँमा जग्गा किनेर घर बनाएर बसोवास गर्ने, उनले भने-'तर हजुरबुवा र बुवाको इच्छा पुरा भएन, र हाम्रो बसोवास अहिले पनि ऐलानी छ ।'

हजुरबुवा र बुवा बिते पनि आफु अझै मुआब्जा कुर्दै बसेको ७१ वषीय सुतिहारले दुखेसो गरे । 'कम्तिमा अबको पीढीलाई सुकुम्वासी जीवन नहोस भने आशामा मुआब्जा कुर्दैछु' उनले भने- 'सरकारले केहि वर्षअघि तथ्याङ्क संकलन गर्ने काम गरेको हेर्दा थोरै खुशी लाग्यो, तर तथ्याङ्क संकलन गरेको वर्षौ भईसकेको छ ।'

उनी जूतै सयौ कोशरु पीडितहरु सरकारको राहत पर्खेर बसेका छन् । अवत मुआब्जा दिन्छ कि दिदैन विषयमा अब त शंका गर्न थालेका छन् । सोही ठाउँका राज शर्माले कैयौं कोशी पीडितका परिवार अहिले पनि सुकुम्बासी जीवन व्यतित गर्दै आएको जनाए । त्यतिवेला नै घरवार विहिन भएपछि कतिपय परिवार ऐलानी जग्गामै जसोतसो बसोवास गर्न बाध्य छन । सरोकारबालाले ध्यान नदिनु ज्यादै दुखद भएको उनको भनाई छ ।

उनले तीन पुस्तादेखि आन्दोलन पनि गर्दै आएपनि पीडितले मुआब्जा नपाएको बताए ।


## सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ र मौकाको फाईदा उठाउनु होला र



IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै

**प्रो.केदार श्रेष्ठ**

माता मनकामना इन्टरप्राइजेज सप्तकोशी -१, फत्तेपुर

०३१-५५०१०६, ९८०७७७३८९१, ९८५२८२१२९१

## सम्पूर्ण कपडाको लागी सदैव सम्झनुस्

**हाम्रा सेवाहरूः**

यहाँ विभिन्न ब्रान्डका स्वदेशी बिदेशी रेडिमेट कपडा, थान कपडा, बिहे बर्तबन्ध लगायत का लागी दौरा सुरूवाल कोट पेन्ट, कुर्ता सुरूवाल, लेडगा, ट्प्स लेडिज गाउनलगायतका सामान हरू सुफत मुल्यमा उपलब्ध गराइन्छ।

**जेके स्टोर सप्तकोसी १ फत्तेपुर**

नयाँ बजार छिर्ने मोड, सम्पर्क ९८१९९२८३६३

खगेन्द्र कार्की
९८४२०९२१०७
९८०७७४३२०२

शंकर कार्की
९८६३९०८७४९

## जनता बुक्स एण्ड स्टेसनरी

सप्तकोशी नपा-१, फत्तेपुर, सप्तरी

बासपार्क जाने बाटो (हेल्थपोष्ट अगाडी)



**हाम्रा सेवाहरु**

यहाँ बोर्डिङ्ग स्कूल तथा कलेजका सम्पूर्ण पाठ्यपुस्तक, स्टेसनरी, पत्र पत्रिकामा विज्ञापन गर्नका साथै खेलकुदका सम्पूर्ण सामानहरु खुद्रा तथा होलसेल मूल्यमा पाइन्छ । साथै विवाह तथा व्रतबन्धका सम्पूर्ण कार्डहरु उपलब्ध गराइन्छ ।

**CTEVT बाट मान्यता प्राप्त**

# पाथीभरा टेक्निकल कलेज

इटहरीमा

## भर्ना खुल्यो





**१८ महिने कोर्षहरु**

- सिभिल सवओभरसियर
- इलेक्ट्रिकल सवओभरसियर
- सामाजिक परिचालक

फारम भर्ने अन्तिम मिति २०७६ साउन १५ सम्म    प्रवेश परीक्षा :- २०७६ साउन २५ गते

**हाम्रो विशेषताहरु :** -विगतमा उत्कृष्ट परिणाम ल्याउन सफल-अनुभवि पेशाकर्मिद्वारा व्यवस्थापन -अनुभवी शिक्षकबाट अध्यापन -अडियो भिडियो कक्षा - प्रयोगात्मक कक्षा - शैक्षिक भ्रमण -कमजोर विद्यार्थीलाई थप कक्षा -नियमित परामर्श -अध्ययन पछाडी रोजगारीको लागि सहजीकरण -नियमित प्रोत्साहन छात्रावृति -होस्टेलको सुविधा -आफ्नै क्यान्टिन भएको ।

SEE मा C र D ग्रेड ल्याउनेले समेत फारम भर्न पाउनेछन् ।

इटहरी पूर्वबस स्टेण्ड, शिशिर टोल, तालतलैया जानेबाटो फोन नं. ०२५-५८०२५१, ९८४२१४८७४५


**प्रमुख सल्लाहकारः** डा.महेन्द्र विष्ट, **सल्लाहकारः** प्रकास खतिवडा, **सम्पादक/ प्रकाशक** देवेन्द्र कार्की(९८४२१२५२७९), **प्रधान सम्पादक** विश्वराम कार्की, **प्रवन्ध सम्पादक**,खगेन्द्र कार्की (९८४२०९२१०७), **समाचार सम्पादक** शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार शाखा प्रमुखः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७४३२०२, धरान सम्पर्कः ९८०३८१६७२१ Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, **मुद्रणः** शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स्
JANATA TIMES WEEKLY साप्ताहिक

## प्रकाशकीय...........

### ऐतिहासिक क्षेत्रको संरक्षण गर

सप्तरीको सप्तकोसी नगरपालिका ऐतिहासिक नगरपालिका हो । मुलसकै जेठो नगर चन्द्र नहरको मुहान यही रहेको छ । चन्द्रसम्शेरको पालामा बनेको ऐतिहासिक भवनहरू पनि यही रहेका थिए । अझै पनि अवशेषहरू रहेका छन् । यस्ता ऐतिहासिक भरोहर भएको नगरमा भएका त्यो इतिहासलाई संरक्षण गर्न नसक्नु विडम्बना हो ।

चन्द्र सम्शेर राणा पूर्व आएका बेला बस्ने घरहरू थिए । पुराना इटाबाट निर्मित ती भवन आधा दर्जनको संख्यामा थिए । तर हाल सबै भवनहरू जिर्ण बनेका छन् । ती भवनलाई जिर्णोद्धार गरि इतिहास हेर्न विदेशी तथा स्वदेशी पर्यटकहरू तान्न सकिन्छ । स्थानीय सरकारले त्यसका लागि पहल गर्नु वाञ्छानिय हुने छ ।

चन्द्र सम्शेर सुत्ने कोठा, आराम गर्ने कोठा, बैठक रूम, अतिथि गृह, स्टोर रूमलगायतका कोठा भएका ऐतिहासिक भवनलाई जिर्णोद्धार गरेर पर्यटकहरूलाई देखाउन ल्याउन सकिन्छ । पछिल्लो पुस्तालाई चन्द्र सम्शेरका बारेमा जानकारी गराउन सकिन्छ । चन्द्र नहरदेखि भीमनहरसम्मको एउटा सडक सञ्जाल निर्माण गरेर, चन्द्र नहरले सिन्चित भूभागहरू बाहिरी तथा स्वदेशी पर्यटकहरूलाई देखाउन सकिन्छ ।

नहरको आसपासको क्षेत्रमा वनभोजका संरचना बनाएर आकर्षक पार्क निर्माण गरि पर्यटकहरूलाई भुलाउने वातावरण स्थानीय तहको सरकारले गर्नु उचित हुने छ । सप्तकोसी नगरपालिकाले नगरको आम्दानी हुने क्षेत्रमा लगानी गर्न खुट्टा कमाउन हुदैंन् । कार्यकर्ताहरूलाई पोष्न अल्पकालिन योजनाहरूमा बजेट दुरुपयोग बन्द बन्द गरेर नगरको आम्दानी दीर्घकालसम्म हुने योजनाहरूमा लगानी गर्नु उपयुक्त हुने छ ।

# भ्रष्टाचार: समृद्धिको बाधक

उपेन्द्र झा

ग्रह दशा लागेको सूर्य पनि निस्तेज हुन्छ । मानवको के बिसात् । तर आजीवन ग्रहदशा लागेको अप्राकृतिक नियम नेपालमा देख्न सकिन्छ । ग्रह चलायमान हो र निश्चित अवधीको वृतमा यो घुमि रहन्छ । तर नेपालमा प्रतिकूल प्रभाव पार्ने गरि ग्रह स्थिर भएर बसेको भान हुन थालेको छ । अहिले शक्तिशाली सरकार देशले पाएको छ तर परम्परागत रूपमा विधीमा प्रवेश गरेको बेथिति जसले आर्थिक, राजनीतिक, समाजिक, साँस्कृतिक, धार्मिक तथा मौलिक पहिचान समेतलाई नराम्ररी प्रभावित गरेको छ, हटाउन सकिएको छैन । बेथिति आम जनताले देखिने कुरा हो, राज्यसत्ताले होइन । सत्तामा हुनेका लागि बेथिति आनन्दित जीवनका लागि सञ्जिवनी प्रदायक तत्व हो ।

मेरो आशय के हो भने सत्तामा जाने व्यक्ति, पार्टी वा समर्थक समूह पनि आम नागरिक सरह थिए र बेथित देखाएर सरकारको विरोध गरेर सत्तामा आएका हुन् । सत्ताबाहिर बेथिति देखिने तथा सत्तारोहणपछि यो दृष्टिगोचर हुन नसक्नु यो कस्तो परम्परा हो ? आम नागरिकको रूपमा बेथितिले देशलाई कसरी गाँजेको छ भन्ने अनुभव सबैलाई होला नै, तर पनि इमानदारीपूर्वक देशप्रतिको दायित्व निर्वाह गर्न नसक्नु कस्तो दुर्भाग्य !

बेथितिले व्यक्तिगत धनलाभ को ढोका खोल्छ र मानिसलाई धन कुबेर बनाउँछ । विपन्न नागरिकको हैसियतमा रहेका आम नागरिक विशिष्ट पहिचान बनाउन अनैतिक बाटोमा अग्रसर हुन्छ । यही बाटोबाट उसले धन संग्रह गर्न अनेक अनैतिक व्यक्तिसंग सम्बन्ध बनाउन पुग्छ र भ्रष्टहरूको संगठन विस्तार हुँदै जान्छ । विस्तारै यसको महा सञ्जाल तयार हुन्छ र यो संगठन चलाउने व्यक्ति भ्रष्ट, अनैतिक, माफिया, तस्कर, गुण्डा, असामाजिक तत्वहरूको अखाडा बनाउँछ र भ्रष्टाचारको परम्परालाई निरन्तरता दिन्छ । हेर्दा सफेदपोश, सत्य प्रवचन गर्ने, परोपकारी कुरा गर्ने, जन उत्तरदायी समावेशी लोकतन्त्रको पाठ पढाउने, नैतिकताका कुरा गर्ने, अनुशासन, शिष्टता देखाउने र पालन गर्न उपदेश दिने, विश्वस्तरको प्रविधी ल्याएर देश विकासको कुरा गर्ने आदि भद्र, शालीन रूपमा देखिने भ्रष्टहरूको राज्य संयन्त्रमा एकाधिकार कायम छ । यसलाई कसैले हटाउन सकेको छैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान ल्याएर नेपालमा असिमित परिवर्तन गराएको यश, कीर्ति लिने दलहरूको दुईतिहाईको सरकार बनाउँदा पनि देश अग्रगामी दिशामा किन अगाडि बढि रहेको छैन ? युवा शक्तिको पलायन किन रोकिएको छैन ? किन यत्र, तत्र, सर्वत्र विरोधका आवाजहरू घन्कि रहेका छन् ? आर्थिक क्षेत्रको दयनीय अवस्थाको चित्कार त्यसै छर्लङ्ग देखिन्छ । व्यापार घाटा प्रतिवर्ष २१% ले बढ्दै जाने आफ्नो थिति बनाई सकेको छ । आयातको तीब्रतर वृद्धिले हाम्रो स्वाभिमान, नैतिकता, आचरणमा पनि दिनानुदिन ह्रास आई रहेको छ । हाम्रो मौलिकता क्षीण भई रहेको छ । निर्यात घुम्टो ओढेर बेहुली जस्तै गतिहीन छ । उत्पादक क्षमता बढाउने अनेक योजना तर्जुमा गरिएपनि उत्पादन क्षेत्र पूर्ण विराम अवस्थामा छ ।

विश्व बैंक, एडीबी, तथा नेपाल राष्ट्र बैंकले सार्वजनिक गर्दै आई रहेको आर्थिक प्रतिवेदनमा हामी कति निरीह अवस्थामा छौं, देखाई रहेको छ । उत्पादकत्व वृद्धिले सिङ्गै आयातको विशाल आकारलाई घटाउँछ र यसलाई नियन्त्रणमा राख्छ । आयात खुम्चिएको अवस्थामा वल्ल आत्म निर्भर हुने अवसर आउँछ । तर यस्ता कुरामा सरकारको सक्रियता देखिएको छैन । बरू सरकारलाई अनावश्यक कुरामा सक्रिय बनाएर विरोधको माहौल तयार पार्ने सूक्ष्म खेलहरू सतहमा विकसित भई रहेको छ । ठुल्ठूला किल्ला ढाल्ने ०६२/०६३ को जन आन्दोलन जस्तै संसदमा पेश गुठी विधेयकको विरूद्धमा उपत्यकामा दिनानुदिन विकसित भई रहेको नेवारहरूको आन्दोलन लाखौंको संख्यामा सडकमा आएको देख्दा यसको परिणति के होला अनुमान गर्न कठीन छ । त्यस्तै मीडिया विधेयक पनि संसदमा छ । यसको विरोधमा संलग्न मीडियाकर्मीहरूको आन्दोलन पनि सहयोगी भूमिकामा छ ।

उपत्यकाका बुद्धिजीवि, राजनीतिक विश्लेषक, अर्थविद् तथा अन्यका पत्र पत्रिकामा आएका लेखहरू सरकारप्रति उदासीन रहेको कुरा पनि छर्लङ्ग छ । आफ्नै पार्टीभित्रका शीर्ष पंक्तिहरूका सहकर्मीहरूको अभिव्यक्तिमा विरोधाभासको अनुभूति हुनु राम्रो कुरा होइन । आफ्नो र विरोधी सबै विरोधको पक्षमा उभिएपछि सरकारको औचित्यमाथि त्यसै पनि प्रश्न चिन्ह खडा हुन्छ । सानातिना विरोधबाट सरकार नडराउनु स्वाभाविक हो तर यही विरोधमा आफ्नोले पनि समर्थन गरेपछि स्थिति भयावह हुन्छ । यो भयावह स्थितिमा कोही पनि टिक्दैन ।

शक्तिशाली सरकार पनि राज्यसत्ताको पारम्परिक भ्रष्टाचार योजनालाई निरन्तरता दिने कुरामा अग्रसर छ । अर्थ, राजनीति र विकास लगायत सबै क्षेत्रमा माफियाहरू हावी भएकोले यिनीहरू कै निर्णय अनुसार सबै चल्ने परिपाटीमा कुनै फेरबदल भएको छैन । संघीय सरकारले स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाएपछि स्थानीय स्तरमा सबै काम स्थानीय सरकारले गर्ने कुरा छ । प्रादेशिक आवश्यकतालाई सम्बोधन गर्न प्रादेशिक सरकार छ । केन्द्रको साँसदलाई ६ करोड र प्रादेशिक सरकारले पनि केन्द्र जस्तै विकास बजेटको ९ प्रतिशत प्रादेशिक साँसदको हातबाट खर्चिने नियम बनाएको छ । यसरी करोडौं खर्च गरेर चुनाव जितेर आएका प्रतिनिधीको भविष्य सुरक्षित गर्ने गरि बजेट विनियोजन भ्रष्टाचारको निरन्तरता नभई अरू के बुझ्ने ?

यस्तो प्रवृतिले देश होइन, भ्रष्टाचार गरि धन कमाएर सत्तामा सधैं बनि रह्ने मानसिकताबाट के आश गर्न सकिन्छ । धन खर्च गरेर चुनाव जित्ने परिपार्टीले भ्रष्टबाहेक ईमान्दार, योग्य, दक्ष राजनीतिज्ञहरू सत्तामा आउन कठीन छ । देश विकास तथा बेथिति सुधार्न आएको यो सरकार पनि भ्रष्ट आचरणलाई प्रोत्साहन गरेपछि जनताले के आश गर्ने । धन खर्च गरेर आउने जो कोही पनि आफूले खर्च गरेको ४ दोब्बर कमाउने नियतमा रहन्छ । उसले भ्रष्टाचारबाहेकका कुरा सोच्दैन, बुझ्दैन पनि । यसरी भ्रष्टाचार क्रमिक रूपले झाँगिदै जान्छ र बेथितिलाई कहिल्यै निर्मूल गर्न सकिंदैन । माफियातन्त्रले धन आर्जन गर्ने उद्देश्यले देश विकासको कुरा गर्छ तर विकास परियोजनालाई परिणाममुखी हुन दिंदैन । ताकि यो असफल परियोजनामा पुनश्च सहयोग जुटाएर धनार्जन परम्परालाई अगाडि बढाउन सकियोस् । अत्यधिक बहुमतको सरकारको अहिले साँसद पाल्ने नीति नियमबाट प्रष्ट हुन्छ कि यो सरकार आगामी दिनका लागि यस्तै बहुमत कसरी ल्याउने भन्ने रणनीतिबाट प्रेरित छ ।

सरकारले भ्रष्टाचारको छानबीन थालेको कुराबाट जनता आशावादी बनेका थिए । तर सतहमा आएका भ्रष्टाचारका मुद्दाहरू अनुसन्धानबिना त्यसै सेलाएर जानुको पछाडि जेसुकै कारण रहेपनि जनतामा सरकारप्रतिको विश्वसनीयता क्षीण हुन लागेको स्पष्ट हुन्छ । जनाधारबिना कोही टिक्न सक्दैन । यो सम्बेदनशीलताप्रति सरकार गम्भीर हुनु पर्दछ । शक्ति उन्मादले धरातलीय यथार्थबाट सरकारलाई टाढा गर्ने सम्भावना बढि हुन्छ । यसप्रति सचेत हुन जरूरी छ । अहिले सरकार कै अनावश्यक गतिविधीका कारण जुन प्रकारले आन्दोलनको विकास भई रहेको छ, यसले समाजका हरेक असन्तुष्ट पक्षलाई जगाउँछ । आन्दोलन सबैका साझा एजेण्डा भयो भने यसको परिणाम के होला ?

राज्य संयन्त्र भ्रष्टाचारमा पूर्णतया लिप्त छन् भन्ने सम्बन्धमा ट्रान्सपेरेन्सी इन्टरनेशनलले आफ्नो प्रतिवेदनमा उल्लेख गरि सार्वजनिक गरेको कुराबाट सरकारहरू कोही यसबारे सम्बेदनशील बनेन । राजनीतिक दलहरू आकार अनुसार भ्रष्ट आचरणमा बढि लिप्त छन् प्रतिवेदनले देखाएको छ । यहाँ संस्थागत भ्रष्टाचारको बोलवाला छ, सबैले बुझेको कुरा हो । राज्य संयन्त्र खान नपाउँदा बजेट खर्च नै गर्दैनन् । राज्य संयन्त्र विदेशी लगानी आकर्षित गर्नेदेखि लिएर विकास योजना बनाएर बजेट सिध्याउने तर उपलब्धि शून्यमा राख्ने, फेरि त्यही योजना देखाएर अरूसंग लगानीको आग्रह गर्ने यो परम्परा निर्बाध चल्दै आएको हो । राज्य संयन्त्रसंग सम्बन्ध राख्न आउने नयाँ मानिस पनि विस्तारै संयन्त्रबाट प्रभावित भई भ्रष्टाचार संगठनका सक्रिय सदस्य भई काम गर्न थालेको प्रष्ट देखिन्छ ।

बेथितिको विरोधमा देशमा धेरै आन्दोलनहरू भए । परिवर्तनका उच्चतम् विचारहरूको अभ्यास पनि भयो । नयाँ नयाँ मोडलका आर्थिक नीति तथा कार्यक्रमहरूको अभ्यास पनि भयो । बेथिति हटाएर वैज्ञानिक प्रविधिका साथ देशको उन्नति, प्रगतिको दावा गर्ने राजनीतिक दलहरू वर्षातका खोला जस्तै उफ्रेर सरकारमा गएपछि निस्तेज भएको उदाहरण सबैले अनुभव गरेको कुरा हो ।

राज्य संयन्त्रलाई भ्रष्टाचारमुक्त नबनाएसम्म यहाँ उन्नति, प्रगतिको कल्पना गर्नु बेकारको कुरा हो । भ्रष्टाचार मुक्त भए उन्नति, प्रगतिको थिति बस्छ । कर्मचारीमा भ्रष्ट आचरणको न्यूनीकरण हुन्छ । भ्रष्टाचार गर्ने कडा कानूनको शिकार हुने हुनाले सबै देशको उन्नति, प्रगतिमा स्वतः सक्रिय हुन्छन् । बेथिति हटेपछि उद्योग धन्दाहरू सुचारू हुन्छ । विकास, उत्पादनशीलता विस्तारै गति लिन थाल्छ । स्मरण रहोस् भ्रष्ट संयन्त्रले व्यक्ति पाल्छ भने शुद्ध राजकीय संयन्त्रले देश बनाउँछ । *(मधेश दर्पण)*

# औषधि नै पचाउन सक्ने मलेरिया परजीवी फैलिँदै

बीबीसी



दक्षिण एशियाका देशहरुमा औषधिलाई नै पचाउन सक्ने औलो (मलेरिया) परजिवी तीव्र रुपमा फैलिरहेको एक अध्ययनले देखाएको छ।

ब्रिटेन र थाइल्याण्डका शोधकर्ताहरूले गरेको अध्ययनले मलेरियाका प्रमुख रुऔषधिलाई प्रतिरोध गर्न सक्ने परजीवीहरू दक्षिण एशियामा तीव्र रूपमा फैलिएको भन्दै चिन्ता व्यक्त गरेका छन्।

उनीहरुका अनुसार त्यस्ता परजीवी कम्बोडियाबाट लाओस, थाइल्याण्ड र भियतनाम हुँदै फैलिरहेको छ।

अनुसन्धानका क्रममा ती देशहरुमा मलेरियाका आधा बिरामीलाई पहिलो छनौटको औषधिले काम नगरेको फेला परेको हो।

शोधकर्ताहरूले त्यस्तो प्रतिरोध अफ्रिकामा फैलिन सक्ने बताएका छन्। तर यसको सम्भावना भने पहिले भनिए जस्तो गम्भीर नहुने सक्ने विज्ञहरू बताउँछन्।

मलेरियाको उपचार आर्टेमिसिनिन र पिपेराक्युन नामका दुईवटा औषधिको सम्मिश्रणबाट गरिन्छ। त्यो सम्मिश्रण सन् २००८ मा कम्बोडियामा प्रयोग गरिएको थियो।

तर सन् २०१३ सम्ममा कम्बोडियाको पश्चिमी क्षेत्रमा उक्त औषधिविरुद्ध मलेरियाका परजीवीमा प्रतिरोधी क्षमता विकाश भइसकेको पाइएको थियो।

हालसालै सम्पन्न अध्ययनमा दक्षिण पूर्वी एशियाका बिरामीहरूको रगतको नमुना विश्लेषण गरिएको थियो।

मलेरिया परजीवीको डिएनए परीक्षणले प्रतिरोधी क्षमता बढ्दै गएको देखाएको छ।

कतिपय क्षेत्रमा ८० प्रतिशत मलेरिया परजीवी औषधिको प्रतिरोध गर्नसक्ने भइसकेका छन्।

मलेरियाको उपचार नहुने अवस्था सृजना हुँदै गएको हो ? होइन।

एउटा जर्नलमा प्रकाशित अध्ययनले स्वाभाविक रूपमा गरिने उपचारबाट आधा बिरामी निको नभएको बताएको छ।

उनीहरूलाई निको पार्न वैकल्पिक औषधिहरू प्रयोग गरिएको थियो।

**यसले के परिवर्तन गर्छ ?**

उक्त परिणामले मेकोङ्ग नदीको आसपासमा रहेका देशहरूमा बस्ने मानिसहरूको दैनिकीमा भने खासै परिवर्तन ल्याउने छैन।

मलेरियासँग जुध्नु भनेको सङ्क्रमण पछि उपयुक्त उपचार प्राप्त गर्नु मात्र होइन। त्यहाँ उक्त रोग फैलाउने लामखुट्टेहरूलाई नियन्त्रण गर्ने प्रयास रोकिने छैन। तर रोगीलाई आवश्यक पर्ने औषधीहरू भने परिवर्तन गरिनुपर्ने शोधकर्ताहरू बताउँछन्।

विश्वव्यापी रूपमा मलेरिया प्रत्येक वर्ष करिब २१ करोड ९० लाख मानिसलाई लाग्छ।

जाडो हुने, काम्ने, ज्वरो आउने र अत्यधिक मात्रामा पसिना आउनु मलेरियाका लक्षण हुन्।

उपचार हुन नसकेको अवस्थामा श्वासप्रश्वाससम्बन्धी समस्या र शरीरका अङ्ग नै काम नगर्न सक्ने अवस्था हुन्छ। मलेरियाका कारण प्रत्येक वर्ष करिब चार लाख ३५ हजार जनाको मृत्यु हुने गरेको छ। त्यसमा सबैभन्दा बढी पाँच वर्षभन्दा मुनिका बालबालिका पर्ने गरेका छन्।

# गर्भावस्थाका बेला महिलाले खानै पर्ने खानेकुरा

गर्भावस्थाको बेला महिलालाई विभिन्न किसिमका पोषकतत्वहरूको आवश्यकता पर्दछ। गर्भमा हुर्किरहेको शिशुलाई आमाबाटै पोषण तथा आहारा प्राप्त हुन्छ।

आमाले खाएको खानेकुराले नै गर्भको भ्रुणको विकासमा सहयोग गर्दछ। गर्भको शिशुको विकासका लागि क्याल्सियम तथा प्रोटिन निकै महत्वपूर्ण हुन्छ। हरेक गर्भवती महिलाले आफ्नो तथा गर्भको शिशुको स्वास्थ्य तथा विकासका लागि गर्भवती महिलाले विभिन्न किसिमका पोषिला खानेकुरा खाने गर्नुपर्दछ। कम फ्याटयुक्त दुग्ध पदार्थहरूलाई क्याल्सियमको राम्रो स्रोत मानिन्छ। गर्भवती महिलाले हप्तामा कम्तिमा दुई पटक पनीर वा चिज खानु लाभदायक हुन्छ।

गर्भमा रहेको शिशुको हड्डी, दाँत तथा स्नायुहरूको विकासमा बदाम खानु राम्रो हुन्छ।

यसले गर्भवती आमालाई पनि पर्याप्त प्रोटिनको आपूर्ति गर्दछ।

अण्डामा प्रशस्त मात्रामा प्रोटिन तथा चिल्लो पदार्थ हुनुका साथै शरीरलाई आवश्यक पर्ने सेलेनियम, जिङ्क, भिटामिन ए, डी लगायतका पौष्टिक तत्व हुन्छ, जसले गर्भवती महिलालाई फाइदा गर्दछ।

गर्भवती महिलाहरूले नियमितरूपमा माछा-मासु सेवन गर्नु लाभदायक हुन्छ। यसले भ्रुणको विकासमा सहयोग पुग्दछ र आमा तथा बच्चाको रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँदछ। तर माछा सेवन गर्नुभन्दा पहिले गर्भवती महिलाले शुरुमा डाक्टरसँग परामर्श लिनु जरुरी हुन्छ।

तिल पनि क्याल्सियमको उत्तम स्रोत हो। त्यसैले तिलको सेवन गर्नु गर्भवती महिलाको लागि फाइदाजनक हुन्छ।

पालुङ्गो तथा ब्रोकाउली जस्ता हरियो सागपातमा तथा फलफूलहरूमा प्रशस्तमात्रामा क्याल्सियम, आइरन पाइन्छ। यसले बच्चाको छाला, हड्डी तथा मस्तिष्कको विकासमा पनि सहयोग पुऱ्याउँदछ। त्यसैले दिनमा कम्तिमा एक पटक हरियो सागपात तथा फलफूलको सेवन लाभदायक हुन्छ।

*- साभार: नेपाली हेल्थ*



## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आम्दानी बढ्ने छ। विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।**

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला।**

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।**

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।**

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।**

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला।**

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला।**

**धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।**

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।**

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द): नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।**

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।**

# कोसी सम्झौताको ६५ बर्ष

पहिलो पेजबाट क्रमशः....

भूक्षय रोकथाम बाढी नियन्त्रण सिंचाई विद्युत शक्ती उत्पादन गर्न नेपाली रहेको भू(भागहरुमा निर्माण गर्न संघ इच्छुक छ। अव उप्रान्त यसलाई आयोजना भनिएको छ।

र जवकी यसपछी हुने फाइदाहरुलाई विचार गरी माथी भनिएको बाँध प्रमुख कार्यहरु र निमार्ण सम्बन्धीत कार्यहरु संघको लागतमा निर्माण गर्न सरकार सहमत भएको छ।

सरोकार राख्ने पक्षहरु निम्न कुराहरुमा सहमत छन्।

क. बाँध हनुमान नगर शहरको करिव आठ माईल माथी अवस्थीत हुनेछ।

ख. आयोजनाको विवरण

बाँधको विस्तृत विवरण( बाँधको सामान्य अभिन्यास,एकापट्टी प्रवाहीत किनारका क्षेत्रहरु बाढी नियन्त्रण बाँधहरु र संचारका तारहरु यो सम्झौतामा सामेल गरिएको सामेली १ मा निहित योजनामा देखाइएका छन्।

. यस सम्झौताको धारा ३ र ८ का उद्देष्यका निम्ती माथिको उपधारा (ख) मा तोकिएको योजनामा इङ्गीत भए अनुरुपका बाँध बाँधिएका क्षेत्र तथा सिमानाहरु अन्तरगतका जमिन पानीले ढाकिएको मानिने छन्।

२. प्रारम्भिक अन्वेषण तथा सर्वेक्षण

क. सरकारले संघका नहर तथा अन्य अधिकृतहरु वा त्यस्ता अधिकृतहरुका साधारण वा विशेष निर्देशनमा काम गर्ने व्यक्तीहरुलाई आवश्यकता अनुरुप मानिसहरु जनावरहरु गाडीहरु उपकरणहरु यन्त्रउबिलत र औजारहरु र उल्लेखित आयोजनामा आवश्यक पर्ने उल्लेखित सर्वेक्षणहरु र अन्वेषणहरु निमार्ण अगाडी निर्माण अवधी र निर्माण सम्पन्न भए पछी पनि प्रमुख इन्जिनीयर विहार सरकारको सिंचाई शाखा अन्तरगतको सार्वजनिक निर्माण विभाग (कोशी आयोजना) ले आवश्यक ठानेको अवस्थामा त्यस्ता क्षेत्रहरुबिलमक मा प्रवेश गर्न अधिकार दिने तथा आवश्यक सुविधा प्रदान गर्ने छ। यी सर्वेक्षणहरु र अन्वेषणहरुमा बाँधको उपयुक्त रुपाङ्कन निर्माण र मर्मत सम्भार तथा आयोजनामा उल्लेखति यस सम्बन्धी सम्पूर्ण कार्य गर्न सतह तथा उप(सतह अन्वेषणका लागी आवश्यक निर्माण संचार तथा निमार्ण सामाग्री सम्बन्धी जाँच पड्ताल र अन्य सबै सर्वेक्षण र अनुसन्धान आकाशीय,जमीन जलवाही,जल मापक,जलीय तथा भौगर्भिक सर्वेक्षणहरु पर्दछन्।

१. यहाँ उल्लेख नगरिएका

ख. सरकारले कोशी तथा यसका सहायक नदीहरुमा तथा भण्डारण रोकथाम बाँध भविष्यमा कोशीबाट उत्पन्न समस्याको पूर्ण समाधानका लागी आवश्यक भू( संरक्षण निरोधक बाँधहरु वृक्षारोपण आदी बारे अनुसन्धान गर्ने र आवश्यक पर्ने सुविधा प्रदान गर्ने छ।

३. कार्य सम्पन्न गर्ने तथा जमीन तथा अन्य सम्पत्ति अधिग्रहण गर्ने प्राधिकार

क. सरकारले संघलाई उल्लेखीत संघबाट जब वा जहिले उल्लेखीत आयोजना वा यसको अंशको निकासा प्राप्त गर्छ र संघले आयोजनाको कार्य थालनी गर्ने अभिप्रायको सूचना सरकारलाई दिन्छ तव उल्लेखित आयोजना कार्यान्वयन गर्ने अधिकार प्रदान गर्ने छ र सबै इन्जिनियरहरु तथा अन्य सबै अधिकृतहरु नोकर कर्मचारीहरु तथा संघद्वारा नियुक्त त्यस्ता सबै व्यक्तिहरुलाई आयोजनाको निर्देशन र कार्यान्वयनका निमति आवश्यक मानिसहरु जनावरहरु गाडीहरु उपकरणहरु यन्त्र र औजारहरु त्यसता जमीन तथा स्थानहरुमा लैजाने अनुमती प्रदान गर्नेछ र आयोजनाको वान्छीत कार्यान्वयनका निमित्त आवश्यक पर्ने त्यस्ता जमीन तथा स्थानहरु आवश्यक पर्ने समयावधीका लागी भोगकब्जा गर्न अनुमती प्रदान गर्ने छ।

ख. माथी धारा ३क मा उल्लेखीत उद्देष्यका लागी आवश्यक जमीन सरकारद्वारा लिइने छ र त्यस पछी त्यसको क्षतिपूर्ति धारा ८ को प्रावधान अनुसार संघद्वारा भुक्तानी गरिने छ।

ग. सरकारले संघका अधिकारीहरुलाई बाँधको हद र सिमाना बाहिर जमीन र तत्बाँध सम्बन्धी कार्यहरुमा कुनै दुर्घटना घट्न गएमा वा उल्लेखीत कुनै कार्यमा पक्राउ परेमा र त्यस्ता दुरघटनाको रोकथामका लागी आवश्यक पर्ने मर्मतको उद्देष्यका लागी आवश्यक सबै कार्य कार्यान्वयन गर्न प्रवेश अनुमती दीनेछ; सबै अवस्थाहरुमासघंले यहाँ उप्रान्त क्षतिपूर्ति धारा ८ अनुसार होस भन्नाका लागी उल्लेखीत जमीनका मालिक वा त्यहाँका मोहीहरुलाई सरकार मार्फत नोक्सानीको क्षतिपूर्ति प्रदान गर्ने छ।

घ. सरकारले संघलाई निर्माणका लागी आवश्यक पर्ने सामाग्री चतरा धरान बजार तथा नेपालका अन्य स्थानमा रहेका विभिन्न खानीबाट उत्खनन गर्ने अनुमती प्रदान गर्ने छ।

४. पानी र विद्युतको प्रयोग

क. नेपालमा सिंचाई वा अन्य उद्देष्यका लागि समय समयमा आवश्यक पर्न सक्ने त्यस्ता जल आपूर्तिबाट हात झिक्नेपन्छीने अधिकार प्रति कुनै पूर्वाग्रह नराखी कोशी नदीको बाँध स्थलको विद्युत आयोजनाको उद्देष्यका निमीत त्यसै स्थानमा विद्युत उत्पादन गर्न सबै आपूर्तिहरु नियन्त्रणको अधिकार सघंलाई हुनेछ।

ख. सरकारसंग परामर्श गरी विद्युत बिक्रीका लागी सघंले तोकेको त्यस्तो महसुल दरको भुक्तानी पश्चात बाँध स्थलको शक्ती गृह पावर हाउस बाट उत्पादीत ५० प्रतिशत सम्म जल विद्युत शक्ति प्रयोग गर्ने हक सरकारलाई हुनेछ।

५. सार्वभौमिकता र अधिकार क्षेत्र

यहाँ उप्रान्त धारा ३ अन्तरगत सरकारले अधिग्रहण गरेका सबै जमनिहरु तथा धारा ४क अन्तरगत तिनमा निहीत सबै जल अधिकारको मालिक संघ हुनेछ।

यस्ता हस्तान्तरणले ति जमीनहरुका सन्दर्भमा सरकारको सार्वभौमिकता र अधिकार क्षेत्र माथि हस्तक्षेप नहुने गरी।

६. रोयल्टी

क. उत्पादीत र उपयोग गरिएको शक्ती (विद्युत)का सन्दर्भमा भविष्यमा सम्झौताद्वारा तय गरिएको दरमा सरकारले संघबाट रोयल्टी प्राप्त गर्ने छ।

यस शर्तमा कि नेपाललाई बिक्री गरिएको शक्तीविद्युतमा रोयल्टी लाग्ने छैन।

ख. नेपालको भू(भागबाट जुटाइएको र बाँध निर्माण तथा भविष्यका मर्मत सम्भार तथा अन्य सम्बन्धीत कार्यका लागि उपयोग गरिने ढुङ्गा रोडा तथा बोझ ( भविष्यमा सम्झौताद्वारा तय गरिएको दरमा सरकार संघबाट रोयल्टीको हकदार बन्नेछ।

ग. सरकारद्वारा कब्जा गरी संघलाई हस्तान्तरण गरिएको जमीनबाट कुनै रोकावट वा बन्देज विना माटो र वालुवा प्रयोग गर्न वा झिक्न संघ स्वतन्त्र हुनेछ।

घ. निर्माणका लागि आवश्यक नेपालको जङ्गलबाट प्रयोग गरिएको काठको मुल्य क्षतिपूर्तिको भुक्तानीमा प्रयोग गर्ने अनुमति दिइनेछ।

यस शर्तमा की किल्लाबन्दी वा अन्य तालिम कार्यका लागि नेपालको दक्षिणी किनारलाई भुक्षय र भासिनबाट जोगाउन सरकार तथा संघद्वारा तय गरिएको परिमाणको काठको क्षतिपूर्ति सरकारलाई भुक्तानी गरिने छ।

सोही अनुरुपको शर्तमा कि सरकारद्वारा कब्जा गरी संघलाई हस्तान्तरण गरिएको जमीनमा रहेको जङ्गलबाट प्राप्त काठको क्षतिपूर्ति संघले दिनुपर्ने छैन।

७. भन्सार महसुल

निर्माण अवधि र त्यस पछीका मर्मतको समय भरी आयोजनाको उद्देष्यका निमीत र तत् समबन्धी कार्यहरु वा संघको वास्तविक प्रयोगका निमीत चाहिने कुनै पनि सामाग्री वा वस्तुमा सरकारले भन्सार महसुल लगाउने छैन।

८. जमनि तथा सम्पत्तीको क्षतिपूर्ति

क संघले सरकारलाई दिने नगद क्षतिपूर्तिको मुल्याङ्कन गर्न धारा ३ ख मा उल्लेखति कार्यहरु सम्पन्न गर्न आवश्यक जमीनहरु र ष् डुवानमा परेको जमीनलाई निम्न वर्गहरुमा विभाजन गरिनेछः

१. खेती गरिएको जमीन

२. जङ्गल रहेको जमीन

३. गाँउको जमीन र त्यस जमीनमा रहेका घरहरु तथा अन्य अचल सम्पत्तीहरुः

ख. नेपालको भू(भागको वास्तविक खेती गरिएको भनि स्रेस्तामा दर्ता भएका जमीनलाई यस धाराको उद्देष्यका निमीत खेती गरिएको जमीन भनि ठानिने छ।

ग. संघले कब्जा गरिएको जमीनको सन्दर्भमा जमीन प्राप्तीको समयमा मालपोतको नोक्सानीको क्षतिपूर्ति सरकारलाई र आयोजनाका लागि आवश्यक र संघलाई हस्तान्तरण गरिएको जमनिका मालिक?जसकसैलाई क्षतिपूर्ति दिनेछ।

यस्ता क्षतिपूर्तिको मुल्याङ्कन र भुक्तानीको विधि भविष्यमा सरकार र संघ विच आपसी सम्झौताद्वारा तय गरिने छ।

घ. आयोजनाको उद्देष्यका निमीत आवश्यक सबै जमीनहरु सरकार र संघका उपयुक्त रितले अधिकार प्रदत्त अधिकारहिरुद्वारा संयुक्त रुपमा नापिने छ।

९. संचार

क. संघले आयोजनाका लागि नेपालमा आवश्यक सडक ट्रामगार्ग रज्जुमार्ग आदीको निर्माण र संचालन गर्न सक्ने र यो उद्देष्यका लागि आवश्यक जमीन धारा (८) मा उल्लेख गरिए अनुसार क्षतिपूर्तिको भुक्तानी पश्चात आफूले उपलब्ध गराउने कुरामा सरकार सहमत छ।

ख. सरकारको प्रादेशिक अधिका क्षेत्रको शर्तमा (कायम रहने गरी) कालोपत्रे सडक ट्रामगार्ग र रेलमार्गको स्वामीत्व नयन्त्रण संघमा रहने छ। सडकहरु आवश्यकीय रुपले संघको सिंचाइ विभागका विभागीय सडक हुनेछन् र नेपालका व्यवसायिक र गैह्र व्यवसायिक वाहनहरुले तिनको प्रयोगलाई स्वत प्राप्त अधिकारको रुपमा बुझिने छैन।

ग. सरकार बाँधको निर्माण मर्मत र त्यस सम्बन्धी कार्यको वास्तविक उद्देष्यका लागि अन्य प्रयोगकर्ता सरह नेपालका सबै सडकहरु जलमार्ग तथा यातायात र संचारका अन्य क्षेत्रहरु प्रयोग गर्न दिने सहमती जनाउँछ।

घ. हनुमाननगर बाँध माथीको पुल सार्वजनिक आवागमनको निम्ती खुला राखिने छ तर पुलको मर्मत आदीका लागि पुल माथीको आवागमन बन्द गर्ने अधिकार संघमा निहित रहेछ।

ङ. सरकार प्रयोगका कारण आयोजनाको निर्माण र संचालनमा हस्तक्षेप नगर्ने शर्तमा आधिकारिक सरकारी कर्मचारीहरुलाई आकस्मिक कामको लागि टेलिफोन र टेलिग्राफको प्रयोग गर्ने अनुमती दिन सहमत छ।

१०. नदी (जल) यानको प्रयोग

नेपालको कोशी नदमा सबै नावागमनको अधिकार सरकारसंग रहने छ। बाँध र प्रमुख कार्यसथल को दुई माईल परिधी भीत्र डुङ्गा र काठ जलयानलाई बाँधका कार्यकारी इजीनियरद्वारा जारी गरिएको विशेष अनुमती अन्तरगतको विशेष आज्ञापत्र वाहेक प्रयोग गर्न दिइने छैन। त्यस क्षेत्र भित्र अधीकार प्राप्त नगरेका कुनै पनि त्यस्ता जलयान कार्वाहीको भागीदार बन्न सक्नेछन्।

११. माछा मार्ने अधिकार

बाँधको दुई माइल परिधी भित्र बाहेक माछा मार्ने सबै अधिकार नेपाल सरकारसंग रहनेछ। बाँध र प्रमुख कार्यसथल को दुई माईल परिधी भीत्र माछा मार्ने अनुमती दिइने छैन।

१२. नेपाली श्रमिकको प्रयोग

संघले पाएसम्म आफ्नो विचारमा उपयुक्त ठानेका नेपाली श्रमिक कर्मचारी र ठेकेदारहरुलाई प्राथमिकता दिनेछ तर आवश्यकताको हदसम्म सबै वर्गका श्रमिक आयात गर्न संघ स्वतन्त्र रहने छ।

१३. नेपाल भित्रका आयोजना क्षेत्रको प्रशासन

संघले नेपालको भू(भाग भित्रको आयोजना क्षेत्रमा विद्यालय अस्पताल जल आपूर्तिको व्यवस्था र विद्युत ढल निकास र अन्य नागरिक सुविधाहरुको स्थापना र प्रशासन ( व्यवस्थापन) गर्नेछ।

१४. नेपालको भू(भाग भित्रको आयोजना क्षेत्रमा शान्ति सुव्यवस्था कायम गर्न सरकार जिम्मेवार रहनेछ। माथी उल्लेखित उद्देष्य प्राप्तीका लागि सरकार र संघले समय समयमा उपयुक्त व्यवस्था वारे विचार गरी तयार गर्नेछन्।

१५. संघको त्यस्तो चाहना भएमा आयोजना क्षेत्र भित्र उठ्ने मुद्दाहरु किनारा लगाउन आयोजना क्षेत्र भित्र विशेष अदालत वा अदालतहरु खडा गर्न सरकार सहमती जनाउछ। सरकारले चाहाना राखेको खण्डमा त्यसता अदालतहरुको स्थापना खर्च संघले बेहोर्ने छ।

१६. भविष्यका कोशी नियन्त्रण कार्यहरु

भावी अनुसन्धानहरुले कोशी र यसका सहायक नदीहरुमा भण्डारण वा नियन्त्रण बाँधहरु वा अन्य भू(संरक्षणका उपायहरुको आवश्यकता देखाएमा उनिहरुलाई यहाँ व्याख्या गरिए अनुरुपका शर्तहरुमा सरकार आफ्नो स्विकृती प्दान गर्दछ।

१७. मध्यस्थ

यस सम्झौतासंग सम्बन्धीत वा त्यसको अर्थ वा त्यसको कुनै अंशको कार्यान्वयन वा प्रत्येक पक्षको अधिकारहरु कर्तव्यहरु वा दायीत्वहरु बारेमा कुनै प्रश्न भिन्नता वा असहमती कुनै कारणले उठेमा यस्ता कुराहरुको पहिले भएका निर्णयहरुमा अन्यथा भए बाहेक त्यस्ता स्म्पुर्ण विषयहरु एक जना सरकारद्वारा र अर्को एक जना संघद्वारा मनोनित दुई जना समक्ष मध्यस्थताका लागि पेश गरिने छ जसको निर्णय नै अन्तिम र वाध्यात्मक हुनेछ यस शर्तमा की यी दुई मध्यस्थकर्ताहरु विच हुने असहमती वेला टुङ्गो लगाउनु अगाडी नै तिनिहरुले आफूद्वारा संयुक्त रुपमा मनोनित कुनै निर्णायक समक्ष उक्त विवादको निर्णयको लागि पेश गर्ने छन्।

१८. क्रमसः सरकार र संघका आधिकारिक प्रतिनिधिहरुले हस्ताक्षर गरेका मीती देखि यो सम्झौता लागूप्रभावमा आउने हुनेछ।

सम्बन्धीत सरकारहरुकाबाट रीतिपूर्वक अधिकार प्राप्त निम्न लिखित को रोहवर यस सम्झौतामा हस्ताक्षर गरियो। १९५४ अप्रीलको पच्चीसौं दिन काठमाण्डौमा ष्ल मग्उ्षअिबतभ सम्पन्न गरियो।

अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस। हामी तपाईंको सेवामा तत्पर छौं।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



प्रो.पपुलर चौधरी

सप्तकोशी डेन्टल क्लिनिक

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्कः ९८४९१५१५८३ र ९८१७३०९४४७

publicnews8@gmail.com/ 9852047779/9852065409

LOG ON... www.janatimes.com

लोकप्रिय डिजिटल मिडिया

jt janatimes

विचार, मनोरञ्जन, स्वास्थ्य, राजनीति, समाजबारे छिनछिनमा समाचार

# कारागारमा भाइरल, सयौं प्रभावित

फत्तेपुर / राजविराज कारागारमा भाइरल ज्वरो फैलिदा एक सयभन्दा बढी कैदीबन्दी विमारी परेका छन् ।

केहि दिनअघि फैलिएको भाइरल ज्वरोले कैदीबन्दी प्रभावित भएको कारागार प्रशासनले जानकारी दिएको छ । कैदीबन्दीमा रुघाँखोकीसँगै ज्वरो देखिएपछि राजविराज स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा जाँच गराउदाँ भाइरल ज्वरो रहेको पाइएको कारागारका निमित्त प्रमुख सत्यनारायण यादवले जानकारी दिए । भाइरल ज्वरोले ग्रासित कैदीबन्दीलाई तत्काल उपचार गराएपछि अवस्था सामान्य बन्दैं गएको उनको भनाई छ ।

उनले अवस्था नियन्त्रणमा आएपनि अझै ८/१० जना कैदीबन्दीमा रुघाँखोकीले ग्रसित रहेको बताए । उनीहरुलाई कारागारमै चिकित्सको निगरानीमा उपचार भईरहेको कारागार निमित्त प्रमुख यादवले जानकारी समेत गराए ।

कारागारमा क्षमताभन्दा झण्डै तीन कैदीबन्दी राख्नु परेकोले यस्ता समस्या हुने गरेको उनले बताए । कारागारमा एक सय २५ जनाको क्षमता रहेको छ । तर अहिले १८ महिला र ३ सय ३३ पुरुष गरी ३ सय ५१ जना कैदीबन्दी रहेका छन् ।

उनले त्यस्तामा पनि शुद्ध खानेपानीको अभाव र कारागार आसपासमा जताततै थुपारिएको फोहोरको दुर्गन्धले कैदीबन्दी र सुरक्षाकमीलाई समस्या हुने गरेको बताए । २००८ सालमा निर्माण भएको भवन त जिर्ण छ । त्यसमा पनि कारागार आसपास फोहोर थुपारिएको छ भने शुद्ध खानेपानी समेत छैन् । समस्या बारे विभागमा अवगत गराए पछि विभागले सुनुवाई नगरेको कारागार प्रशासनले जनाएको छ ।


## कञ्चनरुप नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– ब्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔ ।

कञ्चनरुप नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी



## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ




जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा-१,पारुहाङ्गचौक,फत्तेपुर, फोन नं ०३१-५५००५०



## खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गदैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरु

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक

सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।



## तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा






फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७